# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रीय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


## प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ वैशाख ८ गते

### जाजरकोटमा फैलिएको महामारी नियन्त्रणमा आयोगको चासो

राष्ट्रिय मानव अधिकार आयोगले जाजरकोटमा फैलिएको महामारी रोक्न सरकारको ध्यानाकर्षण गराएको छ । आयोगका अध्यक्ष एवं सदस्यहरुको उपस्थितिमा स्वास्थ्य मन्त्रालय, गृह मन्त्रालय र रक्षा मन्त्रालय, नेपाल मेडिकल एशोसिएसन तथा नेपाल नर्सिङ्ग संघका पदाधिकारी बीच आयोगमा भएको छलफलमा जाजरकोट जिल्लामा फैलिएको महामारी नियन्त्रणमा सरकारी निकाय बीच एकआपसमा समन्वय हुन नसक्दा महामारी नियन्त्रण प्रभावकारी हुन नसकेको भन्दैं सरकारको ध्यानाकर्षण गराएको हो ।

बिरामीको आकष्मिक उद्धार तथा प्रभावकारी उपचार सेवा प्रदान गरी रोग छिमेकी जिल्ला तथा गाविसहरुका अन्य मानिसहरुमा फैलिन नदिन आवश्यक उच्च सतर्कता तथा चेतनाका कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गर्नका लागि पर्याप्त स्रोत साधनको व्यवस्था गर्न आयोगले सरकारलाई आग्रह गरेको छ ।

छलफलमा सेवा प्रदान गर्नका लागि नेपाल मेडिकल एशोसिएसन तथा नेपाल नर्सिङ्ग संघले सरकारले आव्हान गरेमा आवश्यक जनशक्ति स्वयम् सेवकका रुपमा उपलब्ध गराउन तत्पर रहेको प्रतिवद्धता जाहेर गरेका थिए ।

आयोगले बिगतमा समेत जाजरकोटमा यस्तै महामारी फैलिँदा धेरैले ज्यान गुमाउनु परेको स्मरण गराएको थियो । यस बर्ष फैलिएको महामारीलाइ समेत विचार गरी सो जिल्लामा भविष्यमा यस्तै वा अन्य कुनै महामारी हुन/फैलिन नदिन सरकारले स्थानीय निकायलाई सुविधा सम्पन्न गराउन आयोग ध्यानाकर्षण गराउँदछ । महामारी नियन्त्रणमा लागि मन्त्रालयहरुलाई समन्वयात्मक ढंगबाट अघि बढ्न दिइएको निर्देशन पालन भए / नभएको सम्बन्धमा आयोगले नियमित अनुगमन गर्नेछ ।

वेद प्रसाद भट्टराई

का.मु. सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org